# NEPALI

**(Second Language)**

***Maximum Marks : 80***

***Time Allowed : Three Hours***

***Answers to this Paper must be written on the paper provided separately.***

*You will **not** be allowed to write during the first **15** minutes.*

*This time is to be spent in reading the question paper.*

***The time given at the head of this Paper is the time allowed for writing the answers.***

*This paper comprises of two Sections : **Section A** and **Section B.***

*Attempt **all** the questions from **Section A.***

*Attempt any **four** questions from **Section B**, answering at least **one** question each from the **two** books you have studied and **any two** other questions.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

## SECTION—A (40 Marks)

*Attempt **all** questions from this Section.*

**Question 1**

Write a short composition in **Nepali** in approximately **250** words on any **one** of the following topics :— [15]

निम्नलिखित विषयहरूमध्ये कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **250** शब्दहरूको लम्बाइमा संक्षिप्त रचना तयार पार :—

(i) 'जल जीवन हो।' वर्तमान समयमा जल सङ्कटले विकराल रूप लिएर आएको छ। जल संरक्षणको आवश्यकता र यसका संरक्षणको विभिन्न उपायहरूबारे प्रकाश पार्दै आफ्नो विचार प्रस्तुत गर।

(ii) भारतवर्षमा मनाइने कुनै एउटा राष्ट्रिय चाड़ (National Festival), यसको महत्व साथै कसरी अनि किन मनाइन्छ वृत्तान्त रूपमा वर्णन गर्दै एउटा सुन्दर रचना तयार पार।

(iii) मोबाइल फोन रोगको यन्त्र हो। तर वर्तमान समयमा मोबाइल फोन नभइ पनि हुँदैन भन्ने कुरालाई जोड़ दिएर यसबाट हुने हानी विषय चर्चा गर्दै, मोबाइल फोनको प्रयोग कमभन्दा कम गर्ने सल्लाह दिएर एउटा लेख तयार पार।

(iv) निम्नलिखित कुनै **एक** शीर्षकमा एउटा सुन्दर कथा लेख :–

(क) गल्तीबाट नै पाठ सिक्न सकिन्छ।

(ख) बितेका कुरा।

(ग) मेहनतको फल।

**This Paper consists of 11 printed pages and 1 blank page.**



© *Copyright reserved.*

(v) तलको चित्र हेरेर तिम्रो मनमा के कस्ता भावना उत्पन्न हुन्छ लेख।



**Question 2**

Write a letter in **Nepali** in approximately **120** words on any **one** of the topics given below :— [7]

निम्नलिखित कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **120** शब्दहरूको लम्बाइमा पत्र लेख :—

(i) वार्षिक परीक्षामा असफल भएको मित्रलाई मेहनत गरेर पढ़े असम्भव केही छैन, भन्ने कुरो जनाउदै पुन: अध्ययन गरेर सफल बन्नुका निम्ति प्रेरित गर्दै एउटा जोसिलो पत्र लेख।

**अथवा**

(ii) हराएको आधार कार्डको प्राथमिकी दर्ता गराउदै थाना प्रभारीलाई एउटा बिन्ती पत्र लेख।

## Question 3

Read the following passage carefully and answer in **Nepali** the questions that follow, using your own words as far as possible :—

तल दिइएका उद्धरण ध्यानपूर्वक अध्ययन गर अनि त्यसपछि दिइएका प्रश्नको उत्तर **नेपालीमा** लेख। उत्तरहरूमा जतिसक्दो आफ्नै शब्द प्रयोग गर। :—

एक दिन साँझको समय गाउँको सानो मैदानमा चारजना बालकहरू गोली खेलिरहेका थिए। त्यस समय गोली कट्टिएर मैदानको एक कुनाको झाड़ीभित्र पस्यो। चारैजना बालकहरू गोली खोज्न त्यहाँ पुगे। त्यस झाड़ीभित्रबाट– "मलाई यो झाड़ीभित्रबाट बाहिर निकाल। तिमीहरूले जे माग्छौ त्यो म दिन्छु।" भनेर मधुरो आवाज आइरहेको थियो। त्यो सुनेर एकजना बालक त्यस झाड़ीभित्र पस्यो। झाड़ीभित्र भुइँमा उसले एउटा सुन्दर गाग्रो देख्यो। त्यस गाग्रोले भनिरहेको थियो–"मलाई बाहिर निकालेर घर लैजाऊ। म तिम्रो प्रत्येक इच्छा पूरा गरिदिन्छु।" त्यो बालक छक्क पर्‍यो अनि त्यो गाग्रो बाहिर लिएर आयो। बाहिर निस्किएपछि त्यस गाग्रोले फेरि भन्यो–"म जादुई गाग्रो हुँ। तिमीहरूले जे-जे माग्छौ, त्यो म दिन्छु, माग।"

एउटा बालकले हतारिंदै भन्यो–"मलाई क्रिकेटको बल-ब्याट, स्टम अनि अरू पनि खेलका सामानहरू दिनुहोस्।" अर्को बालकले पनि भनिहाल्यो–"गुरुबा-गुरुमाले सधैँ थुप्रै होमवर्क दिनुहुन्छ। तपाईँले सधैं मेरो होमवर्क पूरा गरिदिनुहोस्।" त्यो सुनेर तेस्रो बालकले पनि भनिहाल्यो–"मलाई यति धेरै धन दिनुहोस्–जसले म गाड़ी, घर, जमीन किनेर मौज गर्न सकूँ। चौथो बालक जसले त्यो जादुई गाग्रो झाड़ीबाट निकालेर बाहिर ल्याएको थियो; उसले भन्यो–"हे जादुई गाग्रो, दया गरेर तपाईँ हाम्रो अघिबाट विलीन भएर जानुहोस्। हामीलाई काम गर्नका निम्ति ईश्वरले आँखा, कान, नाक, मुख, हात खुट्टा अनि ज्ञान-बुद्धि दिनुभएको छ। हाम्रो उन्नति र सुखका निम्ति हामी आफै मेहनत गर्न सक्छौं। आफ्ना निम्ति अरूमा भर पर्नु भीख माग्नु बराबर हो। यसैकारण दया गरेर हामीलाई अल्छे भीखमङ्गा नबनाउनुहोस्।"

चौथो बालकको कुरा सुनेर त्यस जादुई गाग्रोले अति प्रसन्न हुँदै भन्यो - "तिम्रो जीवन सफल होस्। तिमीले गरेको परिश्रमको फल तिमीले अवश्य पाउनेछौ।" यति भनेर त्यो बालकको हातबाट जादुई गाग्रो उड़ेर केही माथि पुगेपछि विलीन भयो।

(i) साँझको समय चारजना बालकहरू कहाँ, के गर्दै थिए ? [2]

(ii) झाड़ीभित्रबाट कसले, के भन्यो ? [2]

(iii) तीनजना बालकहरूले गाग्रोलाई पालैसितले के के माग गरे ? [2]

(iv) चौथो बालकले गाग्रोलाई किन "विलीन भएर जानुहोस्" भनेका हुन् ? [2]

(v) प्रस्तुत कथाबाट के शिक्षा पाइन्छ ? [2]

**Question 4**

Answer the following questions according to the instructions given :— [8]

तल दिइएका निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख :—

(i) प्रस्तुत वाग्धाराको सठीक उत्तर चुनेर लेख :—

कानमा तेल हाल्नु —

(a) सञ्चो मान्नु

(b) कीरा निकाल्नु

(c) कुरा नसुन्नु

(d) कुरा सुन्नु

(ii) उखान पूरा गर :—

लोग्ने स्वास्नीको झगड़ा …………

(a) जंगलको आगो

(b) दाउराको आगो

(c) परालको आगो

(d) कोइलाको आगो

(iii) पुस पछि कुन महिना आउँछ ?

(a) माघ

(b) चैत

(c) भदौ

(d) जेठ

(iv) तलका शब्दको विपरीत अर्थ छानेर लेख :—

अनुचित

(a) परिचित

(b) अनित्य

(c) उचित

(d) सचेत

(v) सार शब्द छानेर लेख।

आधा बैंश ढल्किसकेको :—

(a) तरूणी

(b) किशोरी

(c) वृद्धा

(d) अधबैँसे

(vi) सम्राटको स्त्रीलिङ शब्द कुन हो ?

(a) सम्राज्ञी

(b) सम्राटनी

(c) रानी

(d) महारानी

(vii) गैंड़ाको बच्चालाई के भन्छ ?

(a) पाड़ो-पाड़ी

(b) गाउँ

(c) केटाकेटी

(d) छावा

(viii) खाली ठाउँ भर :—

चरक्क .............

(a) उभिनु

(b) झर्नु

(c) चिरिनु

(d) चर्कनु

## SECTION—B (40 Marks)

*Questions from only **two** of the following textbooks are to be answered.*

*Attempt **four** questions from this Section.*

*You must answer at least **one** question from each of the **two** books, you have studied and **any two** other questions from the same books that you have chosen.*

## साहित्य कुञ्ज – गद्य खण्ड

## SAHITYA KUNJ – GADYA KHAND

**Question 5**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

प्राण गएपछि पनि चिहानभित्र समेत साथै राख्न योग्यको यो औंठी हुनता मैले नबेच्नुपर्नेथ्यो, बेच्ने पनि थिइनँ। तर आज ऋणको लिखाले टुप्पी ढाकिसक्नाले मैले यस्तो तुच्छ काम गर्नु कर लागेको छ, नत्र त कसै, कुनै चर्कोभन्दा चर्को दाममा पनि यो प्यारो औंठी बेच्ने थिइनँ।

**औंठी – अच्छा राई 'रसिक'**

**Authi – Acha Rai Rasik**

(i) उक्त अभिव्यक्ति कसले कसलाई कति बेला व्यक्त गरेको हो ? [2]

(ii) कथाकार अच्छा राई 'रसिक' का दुईवटा उपन्यासका नाम लेख। [2]

(iii) प्रस्तुत कथामा कति दामको औंठीलाई, उनी कतिमा बेच्न चाहन्थे तर के कारण उसले त्यो औंठीको दाम कति पायो ? [3]

(iv) प्रस्तुत गद्यांशमा कसले के किन बेच्ने थिइनँ भनेको हो ? [3]

**Question 6**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

हो नि हजूर। त्यसलाई बाबूचाहिँले नै सारंगी रेटेर गीत गाउन सिकाएको थियो। त्यसले चाइने सारंगी बजाउन त्यति मन गर्दैनथ्यो। एकदिन बाबुचाहिँले त्यसलाई भनेको थियो–''हेर् छत्रे, तैँले यो सारंगी रेटेर दुई चारवटा गीत गाउन सिकिस् भने आपत् आइपरेका घड़ीमा मुगलान पसेर पेटपाला गर्न सक्छस्, अँ जोगाड़ गर्न सकिस् भने रुपियाँ पनि कमाउलास्।''

**तार चुँडिएको सारंगी : जस योञ्जन 'प्यासी'**

**Taar Chudieko Sarangi : Jas Yonzon 'Pyasi'**

(i) प्रस्तुत अभिव्यक्ति कसले कसलाई व्यक्त गरेको हो ? [2]

(ii) कसले के बजाउन त्यति मन गर्दैन थिएछ ? [2]

(iii) सारंगी बजाउने रुचि जगाउन कसले कसलाई के भन्यो ? [3]

(iv) प्रस्तुत कथाका कथाकारका कुनै दुईवटा पुस्तकका नाम अनि कुन कृतिको निम्ति साहित्य अकादमी पुरस्कार प्राप्त गरेका थिए ? [3]

**Question 7**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"तँ ती छोटा घरानाका केटाकेटीसँग खेल्नु हुँदैन बाबै। जा, बा कहाँ जा। काखमै बसिरह।" छोराको खरखरे कपाल मुसार्दै गालामा च्वाक्क म्वाइँ खाएर उनी भन्थिन्। बलवीर एकछिन् आमासित लुटपुटिन्थ्यो अनि दगुर्दै बा कहाँ गएर भन्थ्यो, "बा, बा आमाले काकमा बसिलनु भन्नुभएको छ।"

**संगत – बद्रीनारायण प्रधान**

**Sangat – Badri Narayan Pradhan**

(i) प्रस्तुत अवतरणका वक्ता को हुन् ? [2]

(ii) चन्द्रे मुखियाका कतिजना छोराछोरीहरू थिए ? [2]

(iii) "छोटा घराना" भनेको के हो ? उसले किन त्यसो भनेकी हो ? [3]

(iv) कथाकारका कुनै तीनवटा कृतिहरूका नाम लेख। [3]

## साहित्य कुञ्ज – पद्य खण्ड

## SAHITYA KUNJ– PADYA KHAND

**Question 8**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

झरी साह्रै लामो भयो
कतै पैह्रो जान्छ कि भन्दै डराउँछ यो मन।
चैत-वैशाखको हुरी-बतास र भत्‌भत् पोल्ने घाम-पात, पत्कर सबै सबै
झुला भएका छन्
कतै आगो टिप्छ कि भनेर
डराउँछ कृषकको मन।

**मन – गिर्मी शेर्पा**

**Man – Girmi Sherpa**

(i) चैत वैशाखको महिना कस्तो हुँदोरहेछ ? [2]

(ii) के कारण पात पत्कर सबै झुला हुँदारहेछन् ? [2]

(iii) कविले प्रस्तुत कवितामा झरी साह्रै लामो भयो भने के हुने डर हुन्छ भनेका छन् ? [3]

(iv) कति बेला कसको मनमा कस्तो डर उत्पन्न हुँदोरहेछ ? [3]

**Question 9**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

यस्तो छोटो अवधिमा पनि
के हुन सक्छ र के गर्ने
भन्ने पनि सुख दुःख भोग्दै
निभ्दै निभ्दै जाँदैछन्
अवधि साह्रै छोटो हुनाले
मरीमेटी केही गरौं
भन्ने पनि दुःख सुख भोग्दै
उस्तै गतिले मर्दैछन्।

**कर्म : बालकृष्ण सम**

**Karma : Bal Krishna Sam**

(i) कस्तो मानिस मरेर पनि अमर बन्दो रहेछ ? [2]

(ii) 'निभ्दै निभ्दै जादैछन्' भनेको के हो ? [2]

(iii) प्रस्तुत कविताको प्रथम तीन लहर कविता लेख। [3]

(iv) कवि बालकृष्ण समका तीनवटा कृतिहरूका नाम लेख। [3]

**Question 10**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

खुप् सत्यवादी त पिताजि थीया।
साँचै हुनाले वरदान दीया।।
सो पूर्ण गर्ना कन जान्छु वन्मा।
साँचो कुरो हो बुझि लेउ मन्मा।।

**राम-भरत सम्वाद – भानुभक्त आचार्य**

**Ram Bharat Sambad – Bhanu Bhakta Acharya**

(i) उपर्युक्त पद्यांशमा वक्ताले उक्त कुरा कसलाई भनेका हुन् ? [2]

(ii) यहाँ कसले के पूर्ण गर्न वनमा जान्छु भनेका हुन् ? [2]

(iii) "पिताजि" को हुन् ? उनले कसलाई कस्तो वरदान दिएका थिए ? [3]

(iv) कवि भानुभक्त आचार्यको जन्म कहाँ अनि कहिले भएको थियो ? [3]

## भ्रमर – रूपनारायण सिन्हा

## BHRAMAR – RUP NARAYAN SINHA

**Question 11**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

मायाले स्पष्ट स्वरले उत्तर दिई — 'बा, यी भलादमीलाई केही भन्ने मेरो मन छैन। गएका कुरा लिएर फेरि कल्पना गर्नु म व्यर्थ ठान्छु। मेरो अरू भन्ने केही छैन।

**अनुतप्त हृदय**

**Anutapta Hriday**

(i) उक्त बातचित हुँदा त्यस कोठामा कस कसको उपस्थिति थियो ? [2]

(ii) "भलादमी" भनेर यहाँ कसलाई भनिएको हो ? [2]

(iii) गएको कुरा भन्नाले के बुझिन्छ ? [3]

(iv) कसको सहयोगमा शेखर के गर्नलाई कहाँ गएको थियो ? [3]

**Question 12**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"महाश्य, अपराध माफ गर्नुहोला। तर तपाई-क्यानाम-डेकयात्री भएर किन यात्रा गर्नुहुँदैछ ?"

**जहाजमा**

**Jahajma**

(i) प्रस्तुत वार्तालाप कहाँ अनि कस-कसको माझमा भइरहेछ ? [2]

(ii) 'डेकयात्री' भनेको के हो ? [2]

(iii) को किन डेकयात्री भएर यात्रा गरेको हो ? [3]

(iv) त्यो भन्दा अघि तिनीहरूको भेट कहाँ भएको थियो ? [3]

**Question 13**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

लट्टेजेठा शेखरलाई ठूलो भक्ति गर्छ। गोठालाहरूमा शेखरले गरेका सुधारका कामको सम्पूर्ण महत्व त्यसको स्थूल बुद्धिले बुझ्न नसके तापनि शेखर आएदेखि गोठालाहरू सप्रेको असल कुरा त्यसले नित्य आँखाले देख्छ।

**विसर्जन**

**Bisharjan**

(i) प्रस्तुत अवतरणमा चर्चित लट्टे जेठा कसको पालामा गोठमा आएर बसेका थिए ? [2]

(ii) लट्टे जेठाका जम्मा कति भाइ छोराहरू थिए ? [2]

(iii) गोठालाहरूमा शेखरले ल्याएका सुधारहरू वर्णन गर। [3]

(iv) के कारण लट्टे जेठाले शेखरलाई भक्ति गर्थे ? [3]

## एकाङ्की कुञ्ज

## EKANKI KUNJ

**Question 14**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"नानी, अब यो मरिसकेको शरीरलाई औषधिले बचाउन सक्दैन। म थोत्रिसकेको छु, रित्तिसकेको छु।"

**वियोग : मनबहादुर मुखिया**

**Biyog : Man Bahadur Mukhiya**

(i) ती वृद्ध व्यक्तिको छोराहरूका नाम लेख। [2]

(ii) तिनीहरूको पेटपाला कसरी भइरहेको थियो ? [2]

(iii) उक्त वाक्यका वक्ता को हुन ? तिनी कसरी अन्धा भएका थिए ? [3]

(iv) नाटककार मनबहादुर मुखियाको जन्म कहिले भएको थियो ? उनका कुनै दुईवटा नाटकका नाम लेख। [3]

**Question 15**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"टुल्की : किन चाहियो हारमोनि ? हारमोनिले खान दिन्छ ? बरू यस पालाको बोनसको पैसाले एउटा दुधालु गाई किन्नुपर्छ। दूध दही खान पाए जीउमा पोष त लाग्छ।"

**माग – लीलबहादुर छेत्री**

**Maag – Lil Bahadur Chettri**

(i) वक्ताले उक्त कुरा कसलाई भनेकी हो ? [2]

(ii) प्रस्तुत अवतरणमा कसलाई, किन हारमोनि चाहिएको रहेछ ? [2]

(iii) हारमोनि बाहेक बोनसको पैसाले अरू पनि के के किन्ने विचार मानवीरले गरेका छन् ? [3]

(iv) नाटककार लीलबहादुर छेत्रीको जन्म र दुईवटा कृतिहरूका नाम लेख। [3]

**Question 16**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

**मानवीर** : (उत्तेजित भएर) हो, युद्ध लडेर शहीद हुँदा सायद हाम्रो सैनिक, जीवनको मर्यादा पनि रहला तर यी छल-कपट गर्ने आतंकवादीहरुसित लड्दा र उनीहरुको षडयन्त्रका शिकार बन्नुपर्दा हाम्रो आत्माले शान्ति पाउला के ?

**विक्रम** : (आवेशमा) चाहे तिनीहरू आतंकवादी होस् वा दुश्मनको सेना, हाम्रो देशको सीमाना नाघेर आएर शान्ति भंग गर्न खोजे छोड्नु हुँदैन। दुश्मन दुश्मनै हुन्छ। हामीले देशको निम्ति प्राणको बलिदान हाँसी-हाँसी, वीरतासित गर्छौं भनी कसम खाएका छौं। हाम्रो कर्त्तव्य हो देशको सुरक्षाको निम्ति लड्नु।

**श्रृङ्खला बाँध्ने क्षणहरु : लक्ष्मण श्रीमल**

**Shrinkhala Badhne Chhanharu : Laxman Shrimal**

(i) यहाँ के भए सैनिक जीवनको मर्यादा रहन्छ भन्ने कुरा गरिएको छ ? [2]

(ii) मानवीरले के भए "हाम्रो आत्माले शान्ति पाउला के ?" भन्ने शंका व्यक्त गरेको हो ? [2]

(iii) कसले के गरे तिनीहरूलाई छोड्नु हुँदैन भन्ने कुरो विक्रमले व्यक्त गरिरहेको छ ? [3]

(iv) कसको कस्तो कर्त्तव्य रहेछ ? उनीहरुले कस्तो कसम खाएका रहेछन् ? [3]